# जूनकीरी

मासिक भित्ते पत्रिका

वर्ष– १, अंक– १०, जेठ २०६१, (May, 2004) काठमाडौं


# विद्यालय जाने दलित बालबालिकालाई दुई किलो आयोडिन नुन

वीरगञ्ज । विद्यालय जाने उमेर पुगेका सबै छोराछोरी विद्यालयमा भर्ना गराउने दलित परिवारलाई हरेक महिना २ किलो आयोडिनयुक्त नुन दिने निर्णयपछि पर्साको ग्रामीण क्षेत्रका अधिकांश विद्यालयमा विद्यार्थी भर्नादर बढ्न थालेको छ ।

पर्सा जिल्लाका कूल ८२ गाउँ विकास समितिमा दलित, जनजाति तथा पिछडिएका समुदायका बालबालिका विद्यालयमा भर्ना हुन नसक्दा सो समुदायको उपस्थिति न्यून रुपमा मात्र रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ ।

यूनिसेफद्वारा महिला तथा बालबालिकाको लागि विकेन्द्रीकृत कार्यक्रम डकाउ संचालित जिल्लाका १९ वटा गाउँ विकास समितिहरूमध्ये यसै शैक्षिक सत्रदेखि १२ वटा गाउँ विकास समितिमा आयोडिनयुक्त नुन वितरण गरिने कार्यक्रम राखिएको सामाजिक जिल्ला समन्वय समिति पर्साका कार्यक्रम संयोजक बृजकिशोर पौडेलले बताउनुभयो ।

समाजमा पिछडिएका समुदायका बालबालिकाको भर्नादर वृद्धि गराउने उद्देश्यले महिला तथा बालबालिकाको लागि विकेन्द्रीकृत कार्यक्रम लागू भएका देवखाना, कौवानन, कटैया, बगही, विश्रामपुर, भौराटार, गोविन्दपुर, मुडली, तुलसीबर्वा र स्वर्णपुर गाउँ विकास समितिका विद्यालयमा पहिलो चरणमा आयोडिनयुक्त नुन वितरण गरिनेछ । ती गाउँ विकास समितिहरूमा सामाजिक जिल्ला समन्वय समितिमार्फत् कार्यक्रम संचालनमा रहेका छन् ।

त्यसैगरी महिला विकास कार्यालय पर्साद्वारा डकाउ कार्यक्रम संचालित सुगौलीविर्ता, लिपनीविर्ता र महुवन गाउँ विकास समितिमा समेत पहिलो चरणमा आयोडिनयुक्त नुन वितरण कार्यक्रम सुरु गरिएको यूनिसेफ नेपाल पर्साका फिल्ड अधिकृत पदम भण्डारीले जानकारी दिनुभयो । पर्सामा दलित समुदायका थुप्रै बालबालिका विद्यालयमा भर्ना हुन सकेका छैनन् । विद्यालयमा भर्ना भएका बालबालिका पनि प्राथमिक शिक्षा पूरा नगर्दै विद्यालय छोड्ने गरेको पाइएको छ ।

पिछडिएको समुदाय, दलित तथा जनजातिका बालबालिकालाई विद्यालयसम्म पुऱ्याउनको लागि वैशाखदेखि सुरु भएको शैक्षिक सत्रबाट विद्यालयमा आफ्ना सम्पूर्ण बालबालिका भर्ना गर्ने दलित समुदायका परिवारलाई हरेक महिना २ किलो आयोडिनयुक्त नुन निःशुल्क वितरण गर्ने निर्णयमा पुगेको यूनिसेफका फिल्ड अधिकृत भण्डारीले बताउनुभयो ।

तुलसीबर्वा र मुडली गाउँ विकास समितिमा शिक्षा पत्रकार समूहद्वारा गठन भएको गाविस स्तरीय शिक्षा निगरानी समूह र स्थानीय क्लबहरूको केही अगाडि सम्पन्न संयुक्त बैठकले विद्यालयमा दलित समुदायका बालबालिकालाई विद्यालयसम्म पुऱ्याउन अन्तरक्रिया र जनचेतना फैलाउने विविध कार्यक्रम तय गरेका थिए ।

सोही बैठकको निर्णय अनुसार विद्यालयमा बालबालिका नपठाउने दलित तथा जनजाति समुदायका परिवारसँग अन्तरक्रिया गर्ने र विद्यालय व्यवस्थापन समिति र सम्बन्धित विद्यालयका शिक्षकहरूसँग पनि छलफल गरी पिछडिएका समुदायका बालबालिकालाई स्तरीय शिक्षा प्रदान गराउने विषयमा हरेक महिनाको एकपटक अन्तरक्रिया गर्ने गरिएको छ । कतिपय विद्यालयमा हुने जातीय भेदभावको कारण दलित समुदायका विद्यार्थीले बीचमै पढाई छोड्ने गरेको पाइएकोले त्यस विषयमा चेतनामूलक कार्यक्रम संचालन गरिएको छ ।

अहिले सीमावर्ती क्षेत्रमा बसोबास गर्ने अधिकांश मानिसहरूले भारतबाट खुला रुपमा पाइने आयोडिन नभएको नुन प्रयोग गर्दा यस क्षेत्रका बालबालिकामा आयोडिनको कमी देखिएकोले निःशुल्क आयोडिनयुक्त नुन निःशुल्क वितरण गर्ने कार्यक्रम राखिएको यूनिसेफका फिल्ड अधिकृत भण्डारीले बताउनुभयो । आयोडिनयुक्त नुन वितरण गर्दा विद्यालयमा विद्यार्थीको भर्नादर वृद्धि हुने र आयोडिनको कमीबाट हुने रोगबाट समेत बालबालिकालाई जोगाउन सकिने भएकाले कार्यक्रम उपयुक्त रहेको धारणा भण्डारीको छ ।

● गोविन्द देवकोटा

# वादी बालबालिकाहरू पढ्न थाले

बर्दिया, राजापुरकी रमा नेपालीकी आमा देह व्यापार गर्छिन् । तर रमा भने आमादेखि टाढा बसेर पढ्दैछिन् । भविष्यमा उनी सम्मानित जीवन बाँच्न चाहन्छिन् ।

रमा जस्तै घरदेखि टाढा बसेर पढ्ने वादी जातिका बालबालिकाहरूको संख्या क्रमशः बढ्दै छ । 'सामाजिक जागरणका लागि शिक्षा' नामक वादी समुदायले नै चलाएको गैर सरकारी संस्थाले यस्तो अवसर जुटाइरहेको छ ।

"देह व्यापारबाट जन्मिएका बालबालिकाहरूलाई देह व्यापार गरिने स्थलदेखि टाढा राखेर पढ्ने व्यवस्था गरिदिएपछि उनीहरू देह व्यापारदेखि बेखबर रहन्छन् र राम्रो वातावरणमा पढ्न सक्छन् भनेर यसो गरिएको हो," सामाजिक जागरणका लागि शिक्षा कार्यक्रमका कार्यकारी निर्देशक सुलाल नेपाली बताउनुहुन्छ । देहव्यापारमा लागेका महिलाहरूबाट जन्मने वच्चाहरूलाई छात्राबास राखेपछि उनीहरू रोगी पनि नहुने र पढाइमा राम्रो प्रगति गर्ने उहाँको विश्वास छ ।

सुरुमा वादी जातिका केटाकेटी पढ्न सक्दैनन् भनेर अरु जातिका अभिभावकहरूले होच्याँउथे । तर राजापुर, टेडियाको श्री राष्ट्रिय निम्न माध्यमिक विद्यालयमा कक्षा ५ मा पढ्ने सपना नेपाली ४ कक्षाबाट ५ मा जाँदा विद्यालयमा प्रथम भएपछि यौन व्यवसाय अपनाउने वादी जातिका छोराछोरी के पढ्लान् भनेर गिज्याउनेहरू उनीहरूको लगनशीलता र उन्नति देखेर प्रभावित भएका छन् ।

आफ्ना आमाहरू यौन व्यवसायमा लागेका भएपनि पढ्न थालेका यी वालवालिकाहरूले भोलि गएर समाजसेवी, नर्स, शिक्षक बन्ने लक्ष्य राखेका छन् । हाल अमर शहीद दशरथचन्द विद्यालय राजापुरमा कक्षा ९ मा पढ्दै गरेकी उमा नेपालीको नर्स बन्ने इच्छा छ । त्यसै कक्षामा पढ्ने आरती नेपालीको भविष्यमा समाजसेवी बन्ने धोको छ ।



विद्यालयको एक कार्यक्रममा वादी बालबालिकाहरू ।

देह व्यापारबाट जन्मेका झण्डै डेढ सय बालबालिकाहरू कैलालीको लम्की, बर्दियाको राजापुर, बाँकेको नेपालगञ्ज र दाङको घोराहीमा छात्रावासमा बसेर विद्यालय शिक्षा लिइरहेका छन् । त्यस्ता बालबालिकाहरूमा बालक र बालिकाको संख्या बराबरी छ ।

देह व्यापारबाट जन्मिएका केही बालबालिकहरूलाई अन्य जातिका बालबालिकाहरूसँग घुलमिल गराउन एकै स्थानमा राखेर पढाइन्छ । शिक्षा तथा सहयोग कार्यक्रम नाम दिइएको यो स्कूल नेपालगञ्जमा छ । देह व्यापारी र अन्य वादी जातिका बालबालिकाहरूलाई दिउँसो हेरचाह गर्न वादी जातिको बसोबास भएका ठाउँमा दिवा शिशु स्याहार केन्द्र पनि खोलिएका छन् । यी बालबालिकाहरूलाई पढ्न यूनिसेफ, सेभ द चिल्ड्रेन, स्वीस रेडक्रस जस्ता संस्थाले सहायता जुटाइदिएका छन् ।

मध्य तथा सुदूर पश्चिमका १६ जिल्लामा प्रष्ट पहिचान भएका वादी जातिको संख्या ६० हजार छ । यी मध्ये ३० प्रतिशत बालबालिकाहरू छन् । देह व्यापारबाट जन्मिएका बच्चाहरूको बाबु थाहा नहुने हुनाले उनीहरूको जन्मदर्ता सहज रुपमा हुन सक्दैन । तर अब विस्तारै जन्मदर्ताको अधिकार ती बालबालिकाहरूले पाउन थालेका छन् । राजापुर गाविसमा देह व्यापारबाट जन्मिएका एक दर्जन बालबालिकाहरूको जन्म दर्ता गरिएको छ । उमेर नपुगेका कारण उनीहरूले हाल नागरिकता भने पाएका छैनन् ।

दाङको श्रीनगर गाविसले देह व्यापारबाट जन्मिएका बालबालिकाहरू पढाउन केही वर्षदेखि वार्षिक दश हजार रुपैयाँ उपलब्ध गर्दै आएको छ । वादी जातिको नयाँ पुस्ता पढ्न थालेपछि यौन व्यापारका सट्टा सिर्जनशील कार्यमा राज्यलाई सहयोग मिल्ने आशा गर्न सकिन्छ ।

● तुला अधिकारी

### अभिभावकले बुझ्नैपर्ने र बुझाउनुपर्ने कुराहरू

- नयाँ शैक्षिक सत्र यही बैशाखदेखि सुरू भएको छ ।
- तपाईको घर परिवार र छिमेकमा विद्यालय जाने उमेरका बालबालिका छन् कि ?
- उनीहरूलाई विद्यालय जाने वातावरण तयार गर्नु तपाईंको पनि दायित्व हो ।
- बालबालिकाहरूको पढाईमा पैसा खर्च हुँदैन ।
- तपाई आफ्नो ठाउँबाट के गर्न सक्नुहुन्छ ? आजै विचार गर्नुहोस् ।

# समाजकै मुहार फेर्दैछन् बालक्लबले

धादिङ्गको महादेववेशी गाउँमा पुग्दा आफ्ना अभिभावकसँग कलिला हातमा घन लिएर गिट्टी कुट्दै पसिना पुछ्ने बालबालिकाहरू किताब र कापी समाई आफूलाई सुन्दर भविष्यतिर डोऱ्याउन थालेको देखिन्छ ।

उनीहरूमा यो परिवर्तन छोटो समयमा आएको होइन । बाल विकास समाज नामक गैरसरकारी संस्थाले गाउँमा एउटा विद्यालय स्थापना गरिदिएपछि उनीहरूलाई थप उत्साह मिलेको हो । त्यसो त विद्यालय स्थापना हुनु मात्र उनीहरूका लागि पर्याप्त भने थिएन । त्यहाँका बालबालिकाको जागरुकता र परिश्रम साँच्चिकै यस क्षेत्रका बालिबालिकाले पनि अनुकरण गर्न लायक रहेको छ - समाजका गुन्जेश्वर न्यौपाने बताउनुहुन्छ ।



आफ्ना अभिभावकहरूको पेशाबाट मात्र होइन परिवेशबाट समेत फड्को मार्ने प्रयासमा बालबालिकाहरू ।

बालबालिकाहरूले सबैलाई एकै ठाउँमा संगठित गर्न 'लालीगुराँस बाल क्लब' गठन गरेका छन् । आफू जस्तै गिट्टी कुट्ने साथीहरूलाई विद्यालय आउने वातावरण सिर्जना गर्न सक्रिय यस बाल क्लबले बेलाबेलामा अभिभावकहरूको लागि पनि विभिन्न चेतनामूलक कार्यक्रम संचालन गर्दै आएको छ । "तपाईंहरूले पढ्न नपाएकै कारण अहिले यसरी दुःख भोग्नुपऱ्यो । तपाईंले पाएजस्तो दुःख सन्ततीले नपाउन् भनेर आफ्ना छोराछोरीलाई विद्यालय पठाउनुहोस् ।" यस्तो भन्दै यिनीहरू बेलाबेलामा अभिभावकहरू समक्ष पुग्छन् ।

यति मात्र होइन, पोलियो थोपा, भिटामिन ए जस्ता विभिन्न राष्ट्रिय अभियानमा उल्लेख्य सहयोग पुऱ्याउँदै आएको यो क्लबले बेलाबेलामा सडक नाटक, लोकगीत, हाजिरीजवाफ, वादविवाद जस्ता रचनात्मक र मनोरञ्जनात्मक कार्यक्रम समेत आयोजना गर्दै आएको छ ।

आर्थिक अवस्था कमजोर भएको आफ्नो परिवारको बारेमा उनीहरूलाई राम्रो जानकारी छ । त्यसैले अहिले पनि फुर्सदको बेलामा आफ्ना अभिभावकलाई गिट्टी कुट्न सहयोग गर्छन्, उनीहरू । यसका साथसाथै उद्घोषण, भित्ते पत्रकारिता जस्ता सिर्जनात्मक एवं मैनबत्ती बनाउने, चक बनाउने र सिलाइकटाइ गर्ने जस्ता आयमूलक तालिम समेत लिएको क्लबका अध्यक्ष प्रकाश थापा बताउँछन् । यसबाट सबैले आ-आफ्नो परिवारलाई सहयोग पुऱ्याउने र समाज मै राम्रो छाप पार्ने काम विद्यार्थीहरूमार्फत् भएको छ ।

● प्रवेश सुवेदी

# हौसला पाएपछि बालबालिकाहरू पत्रकार बन्ने क्रममा

काभ्रे जिल्लाको मेथिनकोट गाविसका स-साना विद्यार्थी एकजुट भएर नमूनायोग्य काम गरेका छन् । उनीहरूले पढाइदेखि बचेको समय सामूहिक काम गरेर अभिभावकहरूलाई नै दंग पारिदिएका छन् । बालबालिकाहरूले बाल समूहहरू खोली मासिक रुपमा भित्ते पत्रिका निकाल्ने, स-साना बाल पुस्तक निकाल्ने, हाजिरीजवाफ प्रतियोगिता गर्ने काम उनीहरूले नियमित रुपमा गरिरहेका छन् । त्यसैगरी आफ्ना अभिभावकलाई खानेपानी छोपेर राख्ने, आयोडिनयुक्त नुन खाने जस्ता सुझाव दिएर स्वास्थ्यसम्बन्धी जनचेतना जगाउने काम गरिरहेका छन् ।

श्री विष्णु बाल समूहका सचिव रामशरण मिचोरिया बालसमूह खोलेर काम गर्दा पढाइदेखि बचेको समयको सदुपयोग भएको र संगठित भएर सिर्जनशील काम गर्ने बानी विकास भएको अनुभव उनको छ ।





बालबालिकाहरूको प्रयासमा निस्किएको भित्ते पत्रिका ।

यो बाल समूहमा २३ जना बालबालिका आबद्ध छन् । साप्ताहिक रुपमा २ रुपैयाँका दरले सदस्यहरूबाट उठाएको रकम अहिले ५ हजार नाघेको छ । त्यसबाट समूहका सदस्यहरूलाई ब्याजमा दिएको समूहका अध्यक्ष उर्मिला श्रेष्ठ बताउँछिन् । "आफ्नो काम चलाउन सस्तो ब्याजमा दिएका छौं," उनी भन्छिन् ।

बालबालिकाले यस्तो काम गर्लान् भनी सुरुमा अभिभावकले पत्याएका थिएनन् । स्थानीय अभिभावक कमलनाथ चिमोरिया बालबालिकाहरूले समूह बनाएर राम्रो काम गरेको बताउँछन् । उनीहरूले संगठित भइ गरेको कामप्रति आफू जस्तै अरु अभिभावकहरू पनि दंग परेको उनको अनुभव छ । अर्का अभिभावक रामप्रसाद चिमोरिया भन्छन्, "पत्रकार बन्न पन्ध्र वर्ष नपुग्दैदेखिको तयारी छ ।"

२०५८ सालमा खुलेको विष्णु बाल समूहमा बालबालिकाको संख्या बढेपछि अहिले यसै ठाउँमा दिव्यज्योति बाल समूह पनि थपिएको छ । बाल समूहहरूले कार्यालय बनाएका छन् । कार्यालयमा भित्ताभरी पत्रिका र ज्ञानज्ञुनका कुरा टाँसिएका देखिन्छन् । विष्णु बाल समूहले मासिक रुपमा नवज्योति भित्ते पत्रिका प्रकाशित गरिरहेको छ । यी समूहले सामाजिक नक्सा तयार गरी स्कुल जाने/नजाने बालबालिकाहरूको लागत समेत तयार पारेका छन् ।

समूहमा बसेर काम गर्ने बालबालिकाहरूले पछि गएर पत्रकार बन्ने लक्ष्य लिएका छन् । श्री कानपुर उच्च माविमा ७ कक्षामा पढ्ने रामशरण घोरासैनी समाजका हरेक घटनाबारे चासो राख्छन् । उनका अनुसार, गाउँघरमा जाँडरक्सी खाने, झै-झगडा गर्ने अभिभावकहरूलाई सम्झाईबुझाई गर्ने काम पनि समूहहरूले गरिरहेका छन् । मेथिनकोटका यी बालबालिकाहरूको प्रयास अरु बालबालिकाहरूका लागि पनि उदाहरणीय बनेको छ । ●

यूनिसेफ नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोनः ४–२५७६५५,फ्याक्सः ४–२१८६८६ इमेलः ejg@ntc.net.np, वेवसाइटः www.ejgroup.org, पो.ब.नं. २१८४३, मुद्रणः युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौं, सम्पादनः पदम गौतम